नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

(नेपाल सरकारका स्वामित्वमा स्थापित)

Nepal Reinsurance Co. Ltd. (Nepal Re.)

(An undertaking of Nepal Government)

नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त

संचालक समिति

ने.पु.बी.कं.लि.सं.स. २०८३/८४ च.नं. २०

मिति: २०८३/०८/११

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर।

श्री नेपाल बीमा प्राधिकरण,
कुपन्डोल, ललितपुर।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं।

विषयः वार्षिक साधारण सभा सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा सञ्चालक समितिको मिति २०८३/०८/११ गते बिहान ७:३० मा बसेको बैठक नं. ६३७ को निर्णयानुसार देहायका विषयहरूमा छलफल तथा निर्णय गर्नको लागि निम्न मिति, स्थान र समयमा कम्पनीको आर्थिक वर्ष २०८०/८१ को दशौं वार्षिक साधारण सभा बस्ने भएको हुँदा मिति २०८३/०८/२४ गते बिहीवार शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) गरिने व्यहोरा अनुरोध गर्दछौं।

वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :

मितिः २०८३।०९।०६ सोमवार गते।

स्थानः कार्की व्याङ्केट, बबरमहल, काठमाडौं।

समयः बिहान ९:०० बजे ।

संलग्नः

दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना - पाना २

बोद्धार्थः

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।
श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड,
टेकु, काठमाडौं ।

Shusma

(शुस्मा गौतम)
कम्पनी सचिव

LS Building, 3rd Floor, Thapathali, Kathmandu
Tel.: +977-01-5970401, 5970402, P.O.Box No. 9832
Email: nepalre@ntc.net.np | Web: www.nepalre.com.np

नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

थापाथली, काठमाडौं

दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३।०८।१२ गते)

संचालक समिति

सञ्चालक समितिको मिति २०८३।०८।११ गते बिहान ७:३० बजे बसेको ६३७ औं बैठकको निर्णयानुसार देहायका विषयहरूमा छलफल तथा निर्णय गर्नको लागि निम्न मिति, स्थान र समयमा कम्पनीको आर्थिक वर्ष २०८०।८१ को दशौं वार्षिक साधारण सभा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. साधारण सभा हुने मिति, स्थान र समयः

मितिः २०८३।०९।०६ गते सोमवार।

स्थानः कार्की व्याङ्केट, बबरमहल, काठमाडौं।

समयः बिहान ९:०० बजे।

२. छलफलका विषयः

क) सामान्य प्रस्तावहरूः

१) लेखा परीक्षकको प्रतिवेदन सहित २०८१ असार मसान्तको वासलात, आ.व. २०८०।८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरुमा छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षक श्री के. जे. एन्ड एसोसिएट्स (स्थायी लेखा नं ६१३४१९५६५) लाई कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक बर्ष २०८१।८२ को बाह्य लेखापरीक्षकमा नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने।

३) नियमावलीको नियम २७ को उपनियम (२) को देहाय (ख) बमोजिम नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्ताबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न दुईजना सञ्चालक र सोही उपनियमको देहाय (ङ) बमोजिम सर्वसाधारण शेयरधनीबाट एक जना गरी कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन गर्ने ।

Shusma

ख. विशेष प्रस्तावहरू:

संचालक समिति

१)नेपाल पुनर्बीमा कम्पनीको प्रबन्धपत्रमा संशोधनः नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रबन्धपत्रको दफा ६ उपदफा (१), (२) र (३) मा उल्लेखित मौजुदा पुँजी संरचनामा संशोधन गरी अधिकृत पुँजी २० अर्ब रुपैयाँ र जारी तथा चुक्ता पुँजी रु.१५,६९,२८,९९,०४२।१७ (पन्ध्र अर्ब उनान्सत्तरी करोड अठ्ठाइस लाख उनान्सय हजार बयालीस रूपैयाँ र पैसा सत्र मात्र) कायम गर्ने।

२)कम्पनी ऐन, २०६३ को दफा १०५ को (१) (ग) अनुसार सञ्चालक समितिको निर्णय बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएका खर्चलाई अनुमोदन गर्ने ।

३)कम्पनीको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नेपाल सरकार वा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सोही बमोजिम आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविधः

सञ्चालक समितिको आज्ञाले,

Shusma

(शुस्मा गौतम)

कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी

संचालक समिति

१) साधारण सभा प्रयोजनको निमित्त मिति २०८३।०८।२४ गते बिहीवार शेयरधनी दर्ता पुस्तिका बन्द (Book close) गरिनेछ ।

२. नेपाल स्टक एक्चेन्ज लिमिटेडमा मिति २०८३।०८।२३ बुधवार गतेसम्म कारोबार भई नियमानुसार शेयर नामसारी भएका शेयरधनी मात्र साधारण सभामा भाग लिन योग्य हुनेछन् ।

३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावले शेयर प्रमाणपत्र वा हितग्राही खाता (DEMAT) खोलिएको प्रमाण, नागरिकता वा अन्य परिचय खुल्ने फोटो सहितको परिचयपत्र साथमा लिई आउनु पर्नेछ।

४. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान ८:०० बजेदेखि खुल्ला रहनेछ।

५. सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि अर्थात मिति २०८३।०९।०३ गते बिहान ९:०० बजे भित्र कम्पनीको शेयर रजिष्ट्रारको कार्यालय श्री आरबिबि मर्चेन्ट बैंकिङ्ग लि., टेकु, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ। कम्पनीका शेयरधनीहरूलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ। एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्टयाएर दिइएको प्रोक्सी बदर हुनेछ।

६. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि प्रतिनिधि फेरबदल गर्न चाहेमा पहिले दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात मिति २०८३।०६।०४ गते बिहान ९:०० बजे भित्र कम्पनीको शेयर रजिष्ट्रारको कार्यालय श्री आरबिबि मर्चेन्ट बैंकिङ्ग लि., टेकु काठमाडौंमा प्राप्त हुने गरी दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ।

७. प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

८. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मत नियुक्त प्रतिनिधिले मात्र सभामा भाग लिन पाउने छन् ।

Shusma

९. नाबालक तथा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीको तर्फबाट शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रतिनिधि नियुक्त गर्न सक्ने छन्।

१०. संगठित संस्थाका शेयरधनी भएमा त्यस्तो संगठित संस्थाको तर्फबाट कम्पनीको साधारण सभामा उपस्थित हुनको लागि प्रचलित कानून बमोजिम मनोनित व्यक्तिले शेयरधनी संस्थाको आधिकारिक पत्रका साथ प्रोक्सी फाराममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको कागजात पेश गर्नु पर्नेछ ।

११. माथिको बुंदा नं. ५ र ६ मा उल्लिखित दिन कुनै सार्वजनिक बिदा पर्न गए पनि सो दफामा उल्लेखित प्रयोजनको निमित्त कार्यालय कक्ष खुल्ला रहनेछ।

१२. शेयरधनी महानुभावको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै सूचनासाथ प्रकाशित गरिएको छ। साथै आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइटमा प्रकाशित गरिने छ। प्रतिवेदन आवश्यक हुने महानुभावलाई वेभसाइटबाट डाउनलोड गरी लिन हुन अनुरोध गरिन्छ।

१३. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावले छलफल गर्न चाहनु भएको विषयबारे मिति २०८३।०९।०३ गते कार्यालय समय भित्र कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।

१४. कम्पनीको सञ्चालक पदको निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना एवं जानकारी थापाथली, काठमाडौं स्थित यस कम्पनीको कार्यालयमा अवस्थित निर्वाचन अधिकृतको कार्यालयमा र यस कम्पनीको सूचना पाटी तथा वेभसाइटमा राखिनेछ ।

१५. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनी सचिवलाई सम्पर्क राख अनुरोध गरिन्छ ।

Shusma